समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/०३/१४ बैठक संख्याः ५

बैठक प्रारम्भ समयः दिनको ११:०० बजे बैठक समापन समयः बजे

आजको नगरकार्यपालिकाले बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा गरेको छ ।

निर्णयहरु

१. खाँदबारी नगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवा, शर्त सम्बन्धी) विधेयक, २०७९ विधेयक समितिमा छलफल गरी नगरसभाको २०७९ असार १७ गतेको बैठकमा पेश गर्ने ।

२. नगरपालिका क्षेत्रभित्रका ऐलानी, पर्ती जग्गाहरु सम्बन्धित वडा कार्यालय मार्फत खोजविन गरी अभिलेख राख्ने ।

३. इर्खुवा हाइड्रोसँग खाँदबारी नगरपालिकाको तर्फबाट आवश्यक सहकार्य तथा समन्वयको लागि यस कार्यालयका रेञ्जर श्री प्रयास घिमिरेलाई सम्पर्क ब्यक्ति तोकी जिम्मेवारी प्रदान गर्ने ।

४. खाँदबारी नगरपालिका वडा नं. १ को टुँडिखेलमा लाग्ने बुधबारे तथा सनिबारे हाट र वडा नं. ९ तुम्लिङटारमा लाग्ने शुक्रबारे हाटकर सम्बन्धमा २०७९ जेठ ६ गतेदेखी नगरप्रमुखस्तरको निर्णयबाट हाटकर नउठाएको हुनाले यस आ. व. को बाँकी अवधीको हाटकर रकम सम्बन्धित ठेकेदारको निवेदनको आधारमा मिनाहा गरिदिनको लागि नगरसभा समक्ष पेश गर्ने ।

५. खाँदबारी नगरपालिकामा आउने पर्यटकहरुलाई यस नगरपालिकाको पर्यटकीयस्थलहरुको जानकारी गराउनको लागि तुम्लिङटार विमानस्थलमा Information Center स्थापना गर्न नागरिक उड्डयन प्राधिकरण तुम्लिङटारसँग समन्वय गर्ने ।

६. खाँदबारी नगरपालिका क्षेत्रमा नगरबस सञ्चालनको लागि विशेषज्ञ समेतको राय सुझावको आधारमा कार्यविधि तयार गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने ।

७. खाँदबारी नगरपालिका क्षेत्रभित्रका सडकहरुको लगतकट्टा गर्ने कार्य जिम्मेवार निकायहरुसँगको सहयोग तथा सहकार्यमा २०७९ श्रावण महिनाबाट शुरु गर्ने ।

८. खाँदबारी नगरपालिकाको बजारक्षेत्रमा शौचालयमा भरिएको फोहर सरसफाईको लागि कार्यविधि बनाई सक्सन मेसिन खरिद गर्न आवश्यक बजेट विनियोजन गर्ने ।

९. नगरक्षेत्रभित्रका विभिन्न वडाहरुमा हालै आएको बाढी पहिरोको कारण भएको क्षति न्युनीकरण, रोकथाम तथा पुनर्स्थापनाको लागि विपद् व्यवस्थापन कोषबाट पाईप, तारजाली, ह्युमपाईप, त्रिपाल खरिद गर्ने ।

१०. खाँदबारी नगरपालिका क्षेत्रमा औलोका विरामीहरु देखा पर्न थालेको हुनाले औलो रोग न्युनीकरणको लागि सरोकारवालाहरुसँगको सहकार्यमा औषधी छर्कन स्वास्थ्य उपशाखालाई जिम्मेवारी प्रदान गर्ने ।

११. खाँदबारी नगरपालिकाभित्रका ठेक्का मार्फत सडक तथा निर्माण कार्यमा प्रयोग हुने ढुङ्गा, रोडा लगायतका स्थानीय वस्तुहरुको प्राविधिक लागत अनुमान तयार गर्दा उल्लेख भएको रोयल्टी रकम बुझाएको प्रमाण पेश गरेपछी मात्र भुक्तानीको प्रकृया अगाडी बढाउने ।

१२. खाँदबारी नगरपालिकामा एक वडा एक कृषि/पशु प्राविधिक व्यवस्थापनको कार्य तत्काल अगाडी बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/०३/१४ बैठक संख्याः ५

बैठक प्रारम्भ समयः दिनको ११:०० बजे बैठक समापन समयः बजे

१३. खाँदबारी नगरपालिका वडा नं. ६ निवासी श्री आयुशा विश्वकर्माको फोक्सोमा पानी जमेर उपचार गराइरहेको हुँदा थप उपचारको लागि रु.२०,०००|- आर्थिक सहयोग प्रदान गर्ने तथा खाँदबारी नगरपालिका वडा नं. ११ निवासी श्री पवित्रामाया घलेको उपचारको लागि रु.२०,०००|- आर्थिक सहयोग प्रदान गर्ने।

१४. खाँदबारी नगरपालिकाको बाह्रौ नगरसभा सम्पन्न गर्ने प्रयोजनार्थ भएका वडा सभाहरुको सञ्चालन खर्च हरेक वडाहरुलाई पेश भएको बीलभर्पाइको आधारमा बढीमा रु.२०,०००|- भुक्तानी दिने।

१५. खाँदबारी नगरक्षेत्रभित्र बसपार्क लगायतका पूर्वाधार निर्माणमा नगर विकास कोषसँग साझेदारी गरी निर्माण कार्य अगाडी बढाउने।

१६. खाँदबारी नगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी विधेयकको मस्यौदा विशेषज्ञ समेतको राय सुझावको आधारमा तयार गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने।

१७. खाँदबारी नगरपालिकाको अरुण नदी, सभाखोलाबाट ढुङ्गा, गिटी, वालुवा लगायतका नदीजन्य पदार्थहरु उत्खनन् प्रयोजनको लागि तयार गरी परामर्शदाताको तर्फबाट पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को अन्तिम प्रतिवेदन छलफल भई आवश्यक सुझाव सहित पारीत गर्ने।

१८. ढोलबाजे सामुदायिक वनक्षेत्रमा पार्क निर्माण प्रयोजनको लागि तयार गरी परामर्शदाताको तर्फबाट पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को अन्तिम प्रतिवेदन छलफल भई आवश्यक सुझाव सहित पारीत गर्ने।

१९. खाँदबारी नगरपालिकाले चराचुरुङ्गी अभिलेखाङ्कन प्रयोजनको लागि सञ्चालन गरेको गणना कार्यको सम्बन्धित परामर्शदाताबाट पेश भएको अन्तिम प्रतिवेदन छलफल भई आवश्यक सुझाव सहित पारीत गर्ने।

आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत